530 - 542

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३७३/२०७२/०७३

निर्णय नं. ५४२

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ............................२ पुनरावेदक

विरूद्ध

स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख), जिल्ला विकास समितिको कार्यालय, नवलपरासी ..१ विपक्षी

सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, नवलपरासी ..................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला विकास समितिको कार्यालय, नवलपरासी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउं भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०६।२१ को आदेश बमोजिम जिल्ला विकास समितिको कार्यालय, नवलपरासीलाई मिति २०७२।०६।२७ च.नं. ३०० को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त जिल्ला विकास समितिको कार्यालय, नवलपरासी को मिति २०७२।०८।२३, च.नं. ८३१, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी बोधार्थ मार्फत पुनरावेदकलाई पनि जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| ..................... | ..................... | ..................... |
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बास्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।